बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड ४ बर्ष ४ अंक ९ मिति : पुस ९ गते २०७७

**स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## भाग -२

## बुद्धभूमि नगरपालिका लैङिगक हिसां न्यूनीकरण सम्बन्धी कार्यविधि २०७७

कार्यपालिकाबाट पारित मितिः २०७७।०८।३०

**पृष्ठभूमिः**

विश्व सहित नेपालको कुनैपनि स्थान र क्षेत्र लैङ्गिक हिंसा मुक्त हुन सकेको छैन। लैङ्गिक हिंसा राष्ट्रिय र अन्तराष्ट्रिय रुपमै एउटा विकराल समस्याको रुपमा रहेको छ र बुद्धभूमि नगरपालिका पनि यसबाट अछुतो रहन सकेको छैन।लैङ्गिक हिंसा मुक्त समाजको निर्माण आजको अपरिहार्य आवश्यकता बनेको छ।नेपालको संविधानको भाग (३ को धारा, १६ देखि ४६ सम्मको नागरिकको मौलिक हकको संरक्षण र सुनिश्चितता गर्न स्थानीय तह देखि नै सघन रुपमा विविध कार्यक्रम सञ्चालन र सम्बोधन गर्न जरुरी छ। लैङ्गिक हिंसाबाट खास गरि महिला र बालबालिकाहरु बढी प्रभावित हुने गरेका छन् । यसबाट उनीहरुको शारीरिक, मानसिक, मनोवैज्ञानिक एवं यौनजन्य असर पर्नुको साथै महिला र बालबालिकाको समग्र विकास, सुरक्षा, मर्यादा र न्याय प्राप्तिमा समेत गम्भीर प्रभाव पारेको छ।तसर्थ महिला तथा बालबालिकालाई लैङ्गिक हिंसाको शिकार हुन नदिन विभिन्न गतिविधिहरु सञ्चालन गर्न र हिंसा भइहालेमा तत्कालै उपचार, सहायता र न्यायमा सहयोग पु-याउनको लागि स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा बुद्धभुमि नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ बमोजिम बुद्धभूमि नगरपालिका द्धारा बुद्धभूमि नगरपालिकाको लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धि निर्देशिका –२०७७ तयार पारि कार्यपालिकाबाट स्विकृत गर्दै राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम **"बुद्धभूमि नगरपालिकाको लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धि कार्यविधि -२०७७"** रहेको छ।

(२) यो निर्देशिका नगर कार्यपालिकाले पारित गरे पश्चात लागु हुनेछ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिका,–

(क) "लैंङ्गिक हिंसा प्रभावित व्यक्ति" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसाबाट प्रभावित तथा पिडित व्यक्ति सम्झनु पर्दछ।

(ख) "समिति" भन्नाले लैंङ्गिक हिंसा न्युनिकरणका लागि नगरपालिकास्तरीय सहयोग, समन्वय, अनुगमन एवं सिफारिस समितिलाई सम्झनु पर्दछ।

(ग) "लैंङ्गिक हिंसा" भन्नाले प्रचलित कानूनमा उल्लेखित र यस निर्देशिकाको दफा ४ मा उल्लेखित

कार्यका साथै लि·को आधारमा हुने कुनै पनि प्रकारको अपमानजनक, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव र करकापमा महिला, पुरुष वा तेश्रो लि·लिाई समानता वा स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै पनि कार्यलाई सम्झनु पर्दछ।

**३. निर्देशिकाको उद्देश्य**

क) लैंङ्गिक हिंसाका सवालहरुको सम्वोधनका लागि कार्य गर्ने,

ख) हिंसा प्रभावितलाई तत्कालिन र दिर्घकालिन आवश्यकताहरुमा सहयोग पु¥याउने,

ग) हिंसा प्रभावितलाई छिटो छरितो र सहज रुपमा सहयोग पु¥याउन सम्बद्ध निकायहरु बीच समन्वय स्थापना गर्ने,

घ) बिशेष गरी महिला, बालिका तथा अन्य लैंङ्गिक हिंसा प्रभावितको अधिकारको संरक्षणका लागि कार्य गर्ने

**४. प्रमुख सवाल र चुनौती**

यस बुद्धभूमि नगरपालिकामा प्रमुख रुपमा लैंङ्गिक हिंसासँग सम्वन्धित सवाल र चुनौतीहरु निम्न बमोजिम रहेको देखिन्छ।

**४.१ घरेलु हिंसा**

**क) शारीरिक यातना :** कुटपिट गर्ने र शारीरिक चोट पु-याउने आदि।

**ख) मानसिक यातना :** शारीरिक यातनाको डर धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने आदि।

**ग) यौनजन्य यातना :** यौनजन्य प्रकृतिको दुव्र्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पु-याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कार्य।

**घ)आर्थिक यातना :** दाइजोजन्य समस्या र यातना, सम्पतिमा महिलाको हक र पहुँच स्थापित नहुँदाको समस्या, शिक्षा र रोजगारीमा बञ्चित गर्ने आदि।

**४.२ यौन दुव्र्यवहार/जबरजस्ती करणी :** बलात्कार, मञ्जुरी बिना करणीका आशयले महिला तथा बालबालिकाको संवेदनशील अङ्ग छुने वा प्रयास गर्ने, अमर्यादित व्यवहार गर्ने आदि।

**४.३बालविवाह :** कानुनले तोकेको २० बर्ष उमेर भन्दा पहिला नै विवाह गर्ने गराउने कार्य।

**४.४दाईजो प्रथा :** कानुन विपरित विवाहमा आर्थिक स्तरले नधान्ने नगद तथा जिन्सी सामान दिने लिने कार्य

**४.५ घुम्टो र बुर्का प्रथा :** महिलाले अरुलाई आफ्नो अनुहार तथा कपाल देखाउन नहुने

जनधारणा र करकाप आदि ।

**४.६ बोक्सीको आरोप :** कानुन विपरित बोक्सीको आरोप लगाउने र दुरव्यवहार गर्ने ।

**४.७ मानब बेचविखन तथा ओसारपसार** : मनिसलाई गलत तरिकाबाट विदेशमा लैजाने, यौन व्यवसाय वा अन्य गलत काममा लगाउने, शोषण गर्ने आदि ।

**४.८ साईवर अपराध :** विद्युतीय माध्यमद्धारा मानिसलाई अश्लिल शब्द प्रयोग, चित्र प्रदर्शन, धम्की, गाली गलौज, दुख हैरानी दिने, सामाजिक सञ्जालमा चरित्र हत्या सम्बन्धि सामाग्री प्रशारण आदि कार्य गर्ने ।

**४.९ बालश्रम :** कानुनले तोकेको उमेर नपुग्दै बालबालिबालाई करकाप र जबरजस्ती रुपमा काममा लगाउने आदि ।

## ५. लैङ्गिक हिंसा न्यूनिकरणका लागि नगरपालिकाले गर्ने कार्य, सेवाको क्षेत्र र जिम्मेवार निकायहरु :

यस नगरपालिका अन्तरगत लैंङ्गिक हिंसा प्रभावितहरुको संरक्षण तथा उनीहरुको वकालत, हकहितको रक्षा, स्याहार र सेवाको लागि निम्न बमोजिमका क्षेत्रहरुमा आवश्यक सेवाहरु उपलब्ध गराईनेछ र सो को लागि साझेदार संस्था÷गैससको समन्वयमा नगरपालिकाले आवश्यक बजेटको व्यवस्थापन गर्ने छ ।

### ५.१ सेवा, सुरक्षा, संरक्षण र सिफारिस अन्तर्गत उपलब्ध गराउने प्रमुख सेवाका क्षेत्रहरु निम्नानुसार हुनेछः

क) मनोसामाजिक सेवा र सहायता

ख) सुरक्षा/ संरक्षण र आवास सेवा

ग) चिकित्सा सेवा र सहायता

घ) कानुनी सेवा र सहायता

ङ) सीपमुलक तालिम तथा व्यवसाय सञ्चालन सहयोग

च) शिक्षामा सहयोग

छ) दुव्र्यशन पुनःस्थापनामा सहयोग

ज) उद्दार तथा पुःस्थापना एवं पुर्नएकिकरण सेवा

झ) सिफारिस आदि

**५.२ लैङ्गिक हिंसा न्यूनिकरणका प्रमुख कार्य र मुख्य जिम्मेवारीहरु :**

**५.२.१ मनोसामाजिक सेवा वा सहायता :**

- जानकारी प्रदानगर्ने
- मनोविमर्श प्रदान गर्ने
- भावनात्मक सहायता
- प्रभावित व्यक्तिहरुको नजिकको सम्पर्कमा रहने र उनीहरुलाई सक्दो सहायता, सहानुभूति र गोप्य सेवाहरु प्रदान गर्ने

**५.२.२ सुरक्षा/संरक्षण र सुरक्षित आवास सेवा**

- प्रभावित व्यक्तिहरु तथा साक्षीहरुको सुरक्षा र संरक्षणमा सहयोग
- अनुरोध गरिएको खण्डमा घटनाको अनुसन्धानमा सहयोग
- यदि प्रभावित व्यक्तिले कानुनी रुपमा प्रक्रिया अगाडी बढाउन चाहेमा आवश्यक प्रकृया शुरु गर्ने
- प्रभावित व्यक्तिलाई आवश्यक परेको खण्डमा सुरक्षित आवास गृहको उपलब्ध गराउने
- आवश्यकता अनुसार प्रेषण, सिफारिस गर्ने

**५.२.३ चिकित्सा सेवा वा सहायता**

- प्रभावित व्यक्तिको शारिरीक तथा मानसिक चेकजाँच तथा मेडिकल रिपोर्ट तयार गरी सुरक्षित राख्न सहयोग पु¥याउने
- घाउचोटहरुको उपचार सहयोग
- मानसिक आघातमा परेका व्यक्तिहरुलाई प्रभावकारी उपचार तथा मनोविमर्श सेवा
- उपयुक्त सेवा सुविधा पाईने ठाउँमा प्रेषण / सिफारिस
- प्रभावित व्यक्तिको निरन्तर हेरविचार, सहयोग आदि

**५.२.४ कानुनी सेवा / सहायता :**

- प्रभावित व्यक्तिलाई मुद्दा अगाडी बढाउनुको फाइदा तथा अवरोधहरुको बारेमा राम्रोसंग बुझाउने
- प्रभावितलाई न्यायिक प्रकृयामा लाग्ने समय, खर्च, प्राप्त गर्ने न्याय, हुन सक्ने परिणाम जस्ता विषयमा प्रष्टसंग बुझाउने
- प्रभावित व्यक्ति र साक्षी दुबैलाई कानुनी सल्लाह र सहायता दिने

- आवश्यकता अनुसार निशुल्क कानुनी सहायता उपलब्ध गराउने

### ५.२.५ सीपमुलक तालिम तथा व्यवसाय सञ्चालन सहयोग

- प्रभावितको आवश्यकताको आधारमा सीपमुलक तालिम प्रदान गर्ने र अन्य निकायको खोजी समेत गर्ने
- जोखिमहरु कम गर्न तथा प्रभावित व्यक्तिको आत्मनिर्भरताका लागि सीप, तालिम तथा आय आर्जनका क्रियाकलापहरु गर्न सहयोग गर्ने र अन्य निकाय सँग समन्वय गर्ने
- कृषि लगायत स्वरोजगारमूलक व्यवसायमा आवश्यक सहायता

### ५.२.६ शिक्षामा सहयोग

- प्रभावित बालबालिकालाई शैक्षिक सहयोग, समन्यव र परामर्श गर्ने
- आश्रयमा रहेका बालबालिकाको अभिभावकहरुलाई शिक्षमा सहयोगको लागि आय आर्जनमा सहयोग र समन्वय गर्ने

### ५.२.७ पुनःस्थापना सहयोग

- लैंङ्गिक हिंसाका कारण पुर्नस्थापन गर्नुपर्ने र दुव्र्यशनीमा लागेकाहरुका लागि पुनःस्थापना गर्नलाई आवश्यक सहयोग र समन्वय गर्ने

### ५.२.८ उद्दार तथा पुनःस्थापना एवं पुनः एकिकरण सेवा

- लैंङ्गिक हिंसा प्रभावितहरुको उद्दार, सहयोग र समन्वय गर्ने
- पारिवारिक, सामाजिक तथा सामुदायिक पुनःस्थापना एवं पुनःएकिकरण गर्न आवश्यक सहयोग एवं समन्वय गर्ने

## ६. लक्षित समुह

- सबै किसिमका लैंङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरु
- बिशेष गरी लैंङ्गिक हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका, बेवारिसे एवं शारीरिक तथा मानसिक रुपले अशक्त महिला तथा बालबालिका

## ७. समन्वय एवं सिफारिस :

यस नगरपालिका अन्तरगत लैंङ्गिक हिंसा प्रभावितलाई मनोसामाजिक सेवा वा सहायता, सुरक्षा/संरक्षण, चिकित्सा सेवा एवं सहायता, कानुनी सेवा एवं सहायता, सीपमुलक तालिम तथा आय आर्जन सहयोग, शिक्षामा सहयोग, दुव्र्यशनी पुनःस्थापना र पारिवारिक तथा सामाजिक पुनःमिलन आदिमा सहयोग गर्न सहयोगी निकायहरुको खोजी, समन्वय र सिफारिस गरिनेछ।

## ८. लैंङ्गिक हिंसा न्युनिकरणका लागि नगरपालिकास्तरीय सहयोग, समन्वय, अनुगमन एवं सिफारिस समितिः

बुद्धभूमि नगरपालिकामा लैंङ्गिक हिंसा न्यूनिकरण, पिडितको हकहित सम्बोधन, न्याय र संरक्षणको लागि नगरपालिकास्तरमा देहाय बमोजिमको लैंङ्गिक हिंसा न्युनिकरणका लागि नगरपालिकास्तरीय सहयोग, समन्वय, अनुगमन एवं सिफारिस समिति गठन गरिने छ।

क) नगरपालिकाको उपप्रमुख – संयोजक
ख) नगर कार्यपालिकाले सिफारिस गरेको कार्यपालिकाको सदस्यहरु मध्येबाट १ जना महिला सहित २ जना – सदस्य
ग) नगरपालिका स्तरीय महिला तथा किशोरी समूहहरुबाट १/१ जना – सदस्य
घ) नगरपालिका स्तरमा लैंङ्गिक हिंसा न्युनिकरण सम्बन्धी कृयाशिल संघ/संस्थाहरुबाट १ जना – सदस्य
ङ) टोल विकास सस्थाको नगर सयोजक – सदस्य
च)नागरिक समाजका अगुवाहरु मध्ये नगरपालिकाले तोकेको प्रतिष्ठित व्यक्तित्व ( सदस्य
छ) नगरपालिकाको महिला तथा बालबालिका शाखा /उपशाखा – सदस्य सचिव

समितिको बैठकमा नगरपालिकाको प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत विषय सँग सम्बन्धित व्यक्ति र विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

## ८. नगरपालिकास्तरको लैंङ्गिक हिंसा न्युनिकरणको सम्वोधन संयन्त्र

### ८.१ नगरपालिका स्तरीय संयन्त्र

लैंङ्गिक हिंसा पिडितको सम्बोधनको लागि नगरपालिका स्तरमा देहाय बमोजिमको संयन्त्र बनाईनेछ।

क) घटना व्यवस्थापक : नगरपालिकामा त्रगष्अप चभकउयलअभ तभबm का रूपमा नगर उप प्रमुखको संयोजकत्वमा , सामाजिक विकास शाखा प्रमुख तथा गैर सरकारी संस्थाको प्रतिनिधिद्वारा तत्काल निर्णय गरी आगामी बैठकमा अनुमोदन गर्ने व्यवस्था हुनेछ।

ख) प्राथमिक सेवाप्रदायकः नगरपालिका स्तरमा कार्यरत सम्बन्धित सहयोगी निकायहरुलाई नगरपालिकाले प्राथमिक सेवा प्रदायकको रुपमा छनौट गरिनेछ।

ग) आधिकारिक व्यक्ति वा निर्णयकर्ताः न्यायिक समितिका संयोजकको आधिकारिक व्यक्ति तथा निर्णयकर्ताको रुपमा जिम्मेवार रहनेछ।

**८.२ लैङ्गिक हिंसा सम्बोधन संयन्त्रको काम, कर्तव्य र अधिकार**

क) घटनाको पहिचान तथा दर्ताः घटना व्यवस्थापकले केश दर्ता गर्नेछ र फाईल खडा गरी प्रमाणिकरणको लागि निर्णयकर्तालाई पठाउनेछ । यो प्रक्रिया प्रभावितको सुसुचित सहमतिमा हुनेछ र प्रत्येक चरणमा पिडितको सुरक्षा र गोपनियतालाई ध्यान दिईनेछ ।

ख) प्रभावित र परिवारको लेखाजोखा : यो कार्यको लागि छनौट गरिएका प्राथमिक सेवा प्रदायकलाई तोकिनेछ । प्राथमिक सेवा प्रदायक तालिम प्राप्त हुनु पर्नेछ । उक्त प्राथमिक सेवा प्रदायकले पिडित र परिवारको लेखाजोखा सहित स्याहार योजनाको खाका तयार पारी घटना व्यवस्थापकलाई बुझाउनेछ र घटना व्यवस्थापकले निर्णयकर्तालाई बुझाउनेछ ।

ग) स्याहार योजनानिर्माण : लेखाजोखा र स्याहार योजनाको खाकाको आधारमा निर्णयकर्ताले ऋबकभ ऋयलाभचभलअभ बोलाउनेछ । उक्त केश कन्फ्रेन्समा ३ जना सहित, परिवारका मान्छे र सम्बन्धित सेवाप्रदायकलाई बोलाईनेछ र स्याहार योजनालाई अन्तिम रुप दिईनेछ । उक्तकार्य गोप्य हुनेछ ।

घ) स्याहार योजनाको कार्यान्वयन : स्याहार योजनाको कार्यान्वयन प्राथमिक सेवाप्रदायकले गर्नेछ । स्याहार योजना शुरवातमा धैरै काम गर्नु पर्ने हुनेछ भने बिस्तारै कमहुदै जानेछ ।

ङ) स्याहार योजनाको ताकेता तथा समिक्षा : स्याहार योजनाको ताकेता तथा समिक्षा घटना व्यवस्थापकले गर्नेछ । यदि स्याहार योजनाले प्रभावकारी रुपमा काम गरेन भने फेरी केश कन्फ्रेन्स बोलाएर योजनालाई परिमार्जन गरिनेछ ।

च) समापनः घटना व्यवस्थापकको प्रतिवेदनको आधारमा केशको समापन गर्नेछ ।

**९. कोषको व्यवस्था तथा परिचालन**

लैंगिक हिंसा न्युनिकरण तथा मानव बेचबिखन बिरुद्ध कार्यक्रम सञ्चालन गर्नको लागि साझेदारी कोष रहनेछ । उक्त कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) नगरपालिकाले विनियोजन गर्ने रकम

ख) गैर सरकारी संस्था तथा नागरिक समाजबाट जम्मा गर्ने रकम

ग) इच्छुक व्यक्तिहरूबाट जम्मा गर्न सक्ने रकम

उक्त कोषको रकम लैंगिक हिंसामा परेका तथा मानव वेचविखनबाट उम्किएका व्यक्तिहरूलाई (आपतकालिन अवस्थामा सहयोग गर्नुपर्ने हकमा) उप प्रमुख, गैर सरकारी संस्था प्रतिनिधि तथा सामाजिक विकास शाखा प्रमुखको निर्णय अनुरुप तथा अन्य कार्यको हकमा समितिको निर्णय अनुरूप खर्च गरिनेछ ।

कोष संचालन नगर उप प्रमुख तथा सामाजिक विकास शाखा प्रमुखको दस्तखतबाट हुनेछ ।

(कोषको हिसाबकिताब नगरपालिकाको प्रचलित कानुन तथा बिधि अनुरूप आ ले प, म ले प हुनेछ।

(लैंगिक हिंसा रहित समाज निर्माणमा समन्वय, सहजिकरण, र कार्यान्वन सम्बन्धी व्यवस्था वडा स्तरिय समिति, महिला सञ्जाल तथा टोल विकास संस्थाको सहकार्यमा हुनेछ।

(संघिय तथा प्रदेश सरकारले सञ्चालन गर्ने मिसन कार्यक्रम, १६ दिने अभियान ,मानव अधिकार सम्वन्धि कार्यहरू र मिसन कार्यक्रमलाई ठोस आकार दिने कार्य नगरस्तरीय संयन्त्र मार्फत हुनेछ।।

**१० संशोधनः** यस निर्देशिकामा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगरसभाको हुनेछ।

## ११. अनुसूचि फारमहरु

### अनुसूची १: सेवा प्रदायक निकायहरुको नक्शांकन

| क्र. सं. | कार्यालय, संस्था वा संयन्त्रको नाम ठेगाना | कार्यक्रम (प्रदान गरिने सेवा) | कार्यक्रमको समयावधि | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर | इमेल |
|---|---|---|---|---|---|---|
| | | | | | | |

### अनुसुची २ प्राथमिक सेवा प्रदायक निकायहरुको विवरण

| क्र. सं. | कार्यालय, संस्था वा संयन्त्रको नाम ठेगाना | सेवा क्षेत्र | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर | इमेल |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसूची -३

सिफारिस फारम

## सेवा/सहयोग सिफारिस फाराम

सिफारिस मिति :– ................................ घटना दर्ता नम्बर : .......................................

१.सिफारिस गरिएको संस्था/निकाय :

संस्था/निकायको नाम :...................................................................

ठेगाना :...................................................................................................

यस फाराममा उल्लेखित विवरण बमोजिमको प्रभावितलाई आवश्यक सहयोग र सेवा उपलब्ध गराउनका लागि त्यस संस्था/निकायमा सिफारिस गरिएको छ ।

नामः ......................................................... .लिङ्ग : ....... उमेर............................

उल्लिखित प्रभावित प्रतिको सहयोग र सेवा समापन नभएसम्म निरन्तर अनुगमन गरी प्रतिवेदन पठाउन हुन अनुरोध गरिन्छ ।

२. प्रभावितको विवरण :

स्थायी ठेगाना :........................... गापा÷नपा ... वडा ...........टोल : ..................... जिल्ला.............

हालको ठेगानाः.......................... गापा÷नपा ... वडा ..........टोल : ...................... जिल्ला..............

प्रभावितका लागि परिवारको सम्पर्क व्यक्तिः

परिवारको सम्पर्क व्यक्तिको नाम : सम्पर्क फोन नम्बर : ठेगाना :

३. घटनाको संक्षिप्त विवरण :

.......................................................................................................................

....................................................................................................................

प्रभावितको हालको शारीरिक, मानसिक, स्वास्थ्यतथा संरक्षणको अवस्था÷स्थिति

.......................................................................................................................

सिफारिस गरिएको सेवा, सहयोग तथा कारबाही (तालिका हेरेर भर्ने) :

आपत्कालिन सहयोग र तत्कालकार्य आवश्यक : छ छैन

.......................................................................................................................

संलग्नकागजातहरु : ..............................................................................................

४. सिफारिस गर्ने :

नाम : ............................................ पद÷आबद्धता.....................................................

हस्ताक्षर :............................ मिति : ................

५. सिफारिस बुझिलिनेकोः

नाम : ........................................................................नाता÷पदः...............................

हस्ताक्षर : ......................................................................मिति :............................

अनुसूची -४

पिडित वा पिडितको पक्षबाट निवेदन फारम

श्री प्रमुख ज्यू

बुद्धभूमि नगरपालिका, बुड्ढी, कपिलवस्तु

बिषयः आवश्यक सहयोग गरिदिने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा ......................................जिल्ला.................................... नगर÷नगरपालिका निवासी.............................. को छोरा/छोरी बर्ष ...... को म÷मेरो ................ श्री............................, ................................................................................................ ............................................................................................................................................ ..............................................................(संक्षिप्त घटना विवरण र लैंङ्गिक हिंसाको प्रकृति लेख्ने) तपशील अनुसारको सहयोगको आवश्यकता भएकोले सहयोग गरीदिनहुन अनुरोध गर्दछु। १) मनोसामाजिक सहयोग, २) सुरक्षावा संरक्षण सेवा, ३) स्वास्थ्यउपचार, ४) कानुनी सहायता, ५) सीपमुलक तालिम वा आय आर्जन सहयोग, ६) दुव्र्यशनी पुनःस्थापना केन्द्र र ८) पारिवारीक वा सामुदायिक पुनःर्निलन, पुनःएर्किकरण

**संलग्न कागजातहरु**

निवेदक

नामः

ठेगानाः

दस्तखत

मिति

अनुसुची ५

दर्ता रजिष्टरको नमुना खाका

| क्र. स. | सिफारिस गरिएको व्यक्तिको नाम | कोड नं. | लिङ्ग | जातजाति | वडा नं. र टोलको नाम | सिफारिस गरि पठाएको निकाय | केशको प्रकार | केशको हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

आज्ञाले

अनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत